# सोलुदुधकुण्ड नगरपालिका

ཨཱ།།སོད་རོང་ཐི་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

प्रदेश नं. १ नेपाल


प.सं. २०७५/७६

च.नं. १९१

मिति : २०७५-०४-३१

मिति २०७५-०४-३० गते बुधबारका दिन यस सोलुदुधकुण्ड नगरपालिकाको नगर प्रमुख श्री नाम्गेल जाङ्बु शेर्पा ज्यूको अध्यक्षतामा नगर कार्यपालिका पदाधिकारी ज्यूहरूको उपस्थितिमा बैठक बसी देहाय बमोजिमका निर्णयहरु पारित गरियो ।

**निर्णयहरू :**

१) कार्यपालिकाका सदस्य श्री सारदा माया तामाङलाई नगर कार्यपालिकाको प्रवक्ताको रुपमा तोक्ने ।

२) नगरपालिकाको वडा नं. १ मा रहेको पत्ताले-पिके-दुधकुण्डलाई १०० वटा नयाँ पर्यटकीय गन्तव्यको रुपमा समावेश गरि दिन नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा अनुरोध गर्ने ।

३) नगरपालिका क्षेत्रभित्र कानून बिपरित ढुंगा, गिट्टी, बालुवा संकलन कार्यलाई रोक्का गर्ने प्रस्तावलाई अगाडि बढाउन वडा कार्यालयहरूलाई निर्देशन दिने साथै यस कार्यमा सहयोग गरिदिन जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुलाई अनुरोध गर्ने ।

४) *यस नगरपालिकाको तेस्रो नगरसभाको निर्णयानुसार फिल्डमा खटिने प्राविधिक कर्मचारीलाई असोज महिनादेखि शुरु तलवस्केलको ४० प्रतिशत भत्ता दिने निर्णय भएकोमा चालु आर्थिक वर्षमा योजना सञ्चालनार्थ भाद्र महिनाको पहिलो सातादेखि नै प्राविधिक कर्मचारी फिल्डमा नापनक्सा, सर्वे, डिजाइन लगायतका कार्यमा खटाउनु पर्ने भएकोले मिति २०७५ भाद्र १ गतेदेखि लागू हुने गरी सो भत्ता उपलब्ध गराउने र आगामी सभाबाट अनुमोदन गर्ने ।*

५) साविकमा विभिन्न विषयगत कार्यालयबाट यस नगरपालिकामा कामकाज गर्न खटिएका करारका कर्मचारीहरूको म्याद असार ३१, २०७५ समाप्त भएको भएता पनि नेपाल सरकारबाट नगरपालिकाको लागि स्वीकृत अस्थायी संगठन संरचना बमोजिमका कर्मचारी कामकाज गर्न खटिइ नआएकोले कामकाज गर्न असहज हुने हुँदा करार म्याद सकिएका कर्मचारीहरूको म्याद असार मसान्त, २०७६ सम्म थप गर्ने ।

६) चालु आर्थिक वर्ष २०७५/७६ का लागि कृषि, पशु, स्वास्थ्य शीर्षकमा समानीकरण तथा सशर्त अनुदान अन्तर्गतका पेश हुन आएका कार्यक्रमहरू स्वीकृत गर्ने र आगामी सभाबाट अनुमोदन गर्ने ।

७) न्यायिक समितिको कामकाजलाई सहयोग गर्न सोलुदुधकुण्ड नगरपालिकाको न्यायिक समिति ऐन बमोजिम तामेलदारको रुपमा नगरपालिकाका खरिदार श्री अमृता कार्कीलाई तोक्ने ।


Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np Email- solududhkundamun@gmail.com


"निजामती कर्मचारीको प्रतिवद्धता : पारदर्शिता र चुस्तता"

८) नगरपालिकाले तयार गर्ने लैङ्गिक हिंसा निवारण कार्ययोजना तयार गरी अन्तिम रुप दिन नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने साथै, महिला प्रतिनिधिको रुपमा सदस्य श्री सरिता राईलाई तोक्ने ।

९) सोलुदुधकुण्ड नगरपालिकाको पूर्वाधार विकास तथा सेवा प्रवाह सम्बन्धी ऐन, २०७५ बमोजिम नगरस्तर र एक भन्दा बढी वडालाई समेटी बनेका सडकहरूको मर्मत सम्भार गर्न मात्र नगरपालिकाले मर्मत सम्भार कोष वा साझेदारीको लागि विनियोजित बजेटबाट रकम उपलब्ध गराउने । यस्ता मर्मत गरिने सडकमा लागत अनुमानको आधारमा रकम उपलब्ध गराउने । साथै त्यस्ता सडकहरूमा चालु आर्थिक वर्षमा बजेट विनियोजन भएकोमा रकम उपलब्ध नगराउने र तत्काल रकम उपलब्ध नगराई नहुने भएमा उक्त सडकमा विनियोजित रकमबाट कट्टा हुने गरी उपलब्ध गराउन सकिने ।

१०) विपद् व्यवस्थापन तर्फ आगलागी वा बाढी पहिरोले घर जग्गा वा धन सम्पत्ति नष्ट भएको परिवारलाई क्षतिको विवरण हेरी नगर प्रमुखको निर्णयानुसार एक पटकमा रु. ५ हजारसम्म सहयोग उपलब्ध गराउन सकिने तर धनजनको समेत ठूलो मात्रामा क्षति भएमा अधिकतम रु.२५ हजारसम्म उपलब्ध गराउन सकिने ।

११) औषधि उपचार सहयोग एक व्यक्तिलाई रोग र उपचारको प्रकृति हेरी नगर प्रमुखको निर्णयानुसार एक पटकमा रु. ५ हजारसम्म र नेपाल सरकारबाट गठित मेडिकल वोर्डको सिफारिश गरेको हकमा अधिकतम रु. २५ हजारसम्म सहयोग उपलब्ध गराउन सकिने ।

१२) तपशिल बमोजिमको मस्यौदा ऐन तथा निर्देशिका तयार गर्ने श्री प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा एक समिति तयार गर्ने ।

१. सोलुदुधकुण्ड नगरपालिकाको खानी ऐन
२. सोलुदुधकुण्ड नगरपालिकाको स्वास्थ्य ऐन
३. सोलुदुधकुण्ड नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन
४. अनुदान तथा आर्थिक सहायता निर्देशिका
५. बजार अनुगमन निर्देशिका

१३) उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजनाहरूको लागि उपभोक्ता समिति गठन गरी पठाउन सवै वडा कार्यालयलाई निर्देशन दिने ।।

१४) नगरपालिका क्षेत्रभित्र फोहर व्यवस्थापन गर्ने दिन, समय र स्थान तोक्ने एवं पार्किङ शुल्क तथा फोहर व्यवस्थापन शुल्क संकलन गर्ने ।

१५) नगरपालिका क्षेत्रभित्र कार्यक्षेत्र बनाएका गैह्र सरकारी संस्थाहरूको नियमन गर्ने ।

# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །སོ་ལུ་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

प्रदेश नं. १ नेपाल


प.सं. २०७५/७६

च.नं.

१६) निजी क्षेत्रसँगको सहकार्यमा बजार व्यवस्थापन तथा अनुगमन, साझेदारी लगायतका विषयमा कार्य गर्न खाका तयार गर्न नगर उपप्रमुख श्री कल्पना राईको संयोजकत्वमा ५ सदस्यीय समितको गठन गर्ने ।

१७) सोलुदुधकुण्डको दुधकुण्डमा वार्षिक रुपमा लाग्ने मेला व्यवस्थापन कार्यमा मिति २०७५।४।२९ मा भएको सरोकारवालाहरूको बैठकबाट भएको निर्णय अनुसार हुने खर्च व्यवस्थापन पर्यटन सम्बन्धी शीर्षकबाट गर्न नगरपालिका कार्यालयलाई निर्देशन दिने ।

१८) सशस्त्र प्रहरी बलको भवन मर्मत र नेपाल प्रहरीको परिसरमा प्रवेश मार्ग लागत अनुमान बमोजिम निर्माण गरिदिने ।

१९) सल्लेरी स्वास्थ्य चौकीको लागि  सोलुखुम्बु-कोरिया सम्पर्क मञ्चले उपलब्ध गराइ दिने एम्बुलेन्स वडा नं. ५ मा रहेको स्वास्थ्य चौकीले गर्ने गरी वडास्तरीय स्वास्थ्य व्यवस्थापन समितिको निर्णयसहित वडाबाट सिफारिश भएकोले उक्त एम्बुलेन्स खरिद गर्दा लाग्ने भन्सार छूटका लागि नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने ।

२०) नगरपालिकाबाट चालु आर्थिक वर्षको  लागि ग्रामीण विद्युतीकरणका लागि विनियोजित रकमबाट वडा, समुदाय र नगरपालिकाको साझेदारी हुने गरी कार्य गर्न एसोसेरिजका लागि आवश्यक हुने रकम उपलब्ध गराउने ।

२१) समता स्कूल सञ्चालनको अनुमतिका माग अनुसार सोलुदुधकुण्ड नगरपालिकोको प्राथमिक तथा माध्यमिक शिक्षा ऐन २०७५ को दफा ५ को अधीनमा रही सो दफाले तोकेको कार्य गर्ने गरी विद्यालय संचालनका लागि अनुगमन गरि नगर शिक्षा समितिमा स्विकृतिका लागि पेश गर्ने ।

२२) नगरपालिकाको वडा नं. ५ र ६ को सिमानामा रहेको फालिएको फोहरमैला व्यवस्थापन गर्न लागत अनुमान बमोजिमको व्यवस्थान कार्य गर्ने ।

२३) नगरपालिकाको बजार क्षेत्रमा सुरक्षाको दृष्टिले सिसिटिभि जडान गर्न गत आर्थिक वर्षमा खरिद प्रक्रिया अगाडी बढाइएकोमा सोही वर्ष सामान खरीद भई जडान हुन नसकेकोले उक्त कार्य अगाडी बढाउने साथै उक्त भुक्तानी साझेदारी शीर्षकबाट दिने ।

२४) सोलुदूधकुण्ड नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन , २०७५ को दफा ८ बमोजिम नगर शिक्षा समितिमा देहाय बमोजमका सदस्यहरु तोक्ने तथा मनोनित गर्ने ।

खण्ड (ग) बमोजिम सदस्यमा नगर कार्यपालिका सदस्य द्वय श्री सारदा माया तामाङ र श्री बिनोद कालिकोटेलाई तोक्ने ।


Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np Email- solududhkundamun@gmail.com

# सोलुदुधकुण्ड नगरपालिका

༄༅། །ཤོད་རོང་འོ་མའི་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

प्रदेश नं. १ नेपाल

प.सं. २०७५/७६

च.नं.

खण्ड (च) बमोजिमको सदस्यमा गार्मा उच्च माबिका प्र.अ. श्री बिनोद सिंह तामाङ र ज.जा. मा.बि.का नि.मा.बि शिक्षक श्री जिन्दा राईलाई मनोनित गर्ने।

खण्ड (छ) बमोजिमको सदस्यमा वडा नं. १ निवासी श्री कर्मा शेर्पालाई मनोनित गर्ने।

खण्ड (ज) बमोजिमको सदस्यमा सिंह काली मा.बि.का बि.व्य.स. का अध्यक्षलाई मनोनित गर्ने।

खण्ड(झ) बमोजिमको सदस्यमा वडा नं. ७ निबासी श्री ङिमा शेर्पालाई मनोनित गर्ने।

२५) सोलुदुधकुण्ड नगरपालिकाको आधारभूत सरसफाइ तथा फोहरमैला व्यवस्थापन ऐन, २०७५ को दफा १९ बमोजिम फोहरमैला व्यवस्थापन बोर्डमा देहाय बमोजिमका सदस्यहरु मनोनित गर्ने।

खण्ड (घ) बमोजिमको सदस्यमा कार्यपालिकाका सदस्यहरू द्वय श्री मिङमार तामाङ र श्री गान्धी माया तामाङलाई मनोनित गर्ने।

खण्ड (च) बमोजिमको सदस्यमा वडा नं. ५ निबासी श्री रामलाल श्रेष्ठ र वडा नं. ६ निबासी श्री जया राईलाई मनोनित गर्ने

खण्ड (छ) बमोजिमको सदस्यमा प्रमुखबाट वडा नं. ६ निबासी श्री कुल नारायण श्रेष्ठ र श्री राधिका श्रेष्ठलाई मनोनित गर्ने।

खण्ड (ट) बमोजिमको सदस्यमा वडा नं. ४ निबासी श्री पेमा शेर्पा र वडा नं. ८ निबासी श्री पुर्णी माया मगरलाई मनोनित गर्ने।

२६) नेपाली सेनाको ब्यारेकको गेट हुँदै शिब मन्दिर जोड्ने सडक बिस्तार गर्नका लागि आवश्यक पर्ने नेपाली सेनाको जग्गा प्राप्तिका लागि श्री अह्दिमण गण मार्फत रक्षा मन्त्रालयलाई अनुरोध गर्ने।

..............................

(योग्य प्रसाद राई)

लेखा अधिकृत

सोलुदुधकुण्ड नगरपालिका

Ph. No- 038-520264 Fax No- 038-520248 Website- www.solududhkundamun.gov.np Email- solududhkundamun@gmail.com

"निजामती कर्मचारीको प्रतिवद्धता : पारदर्शिता र चुस्तता"